**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०३ दिसम्बर २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

१. संसद्को शीतकालीन सत्र आजबाट सुरु भएको छ । 19 दिनको यस अधिवेशन अवधिमा कुल 15 बैठकहरू हुनेछन्।

२. निर्वाचन आयोगले SIR को दोस्रो चरणमा हालसम्म 50 करोड 83 लाख फारम वितरण गरिएको जनाएको छ।

३. स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगतप्रकाश नड्डाले आज विश्व एड्स दिवसको अवसरमा एचआईभी र एड्सबारे अझ राम्ररी बुझ्न आवश्यक रहेको बताउनुभएको छ ।

४. कलकत्ता उच्च न्यायलयले बङ्गलादेशको सीमामा तारबार लगाउनका लागि आवश्यक जमिन उपलब्ध नगराएकोमा पश्चिम बङ्गाल सरकारको कडा आलोचना गरेको छ।

५. खरसाङको रोहिणी रोड बन्दको कारण क्षेत्रवासीले पाएको समस्याबारे अवगत गराउदै खरसाङका महकुमा शासकलाई ज्ञापन पत्र बुझाएका छन्।

**संसद**

संसद्को शीतकालीन सत्र आजबाट सुरु भएको छ । 19 दिनको यस अधिवेशन अवधिमा कुल 15 बैठकहरू हुनेछन्। यसैबीच आज लोकसभाको कार्यवाही बिहान 11 बजे जब शुरू भयो तब लोकसभा अध्यक्ष ओम बिरलाले अभिनेता धर्मेन्द्र, कर्नल सोनाराम चौधरी, प्रोफेसर विजय कुमार मल्होत्रा र रवि नाइकलाई श्रद्धाञ्जली दिनुभयो । लोकसभा अध्यक्षले सार्वजनिक जीवनमा उनको योगदानको स्मरण गर्दै , सदनमा दिवागतहरुको सम्झनामा एक मिनेट मौन धारण गरिएको थियो। यता **राज्यसभा**मा पनि बिहान ११ बजे जब कार्यवाही सुरु भयो जहाँ जम्मू-कश्मीर नेशनल कन्फ्रेन्सका गुरविन्दर सिंह ओबेरोय, चौधरी मोहम्मद रमजान र सज्जाद अहमद किचलूले **राज्यसभाका** लागि शपथ लिएका थिए। पहिलो पटक राज्यसभाको अध्यक्षता गर्नुहुने सदनका अध्यक्ष सीपी राधाकृष्णनलाई स्वागत गर्दै प्रधान मन्त्री नरेन्द्र मोदीले भन्नुभयो, "श्री राधाकृष्णनको सामान्य पृष्ठभूमिबाट उपराष्ट्रपति पदसम्मको यात्राले देशको लोकतन्त्रको शक्ति देखाउँदछ।

**निर्वाचन आयोग एसआईआर**

निर्वाचन आयोगले भनेको छ मतदाता सूचीको विशेष गहन पुनरीक्षण (SIR) को दोस्रो चरणमा हालसम्म 50 करोड 83 लाख फारम वितरण गरिएको छ। यस चरणमा, लगभग 51 करोड मतदाताहरू मध्ये 99 दशमलव सात दुई प्रतिशत मतदाताहरुको पुनरीक्षण गरिनेछ। आयोगले हालसम्म लगभग 40 करोड फारमहरू डिजिटलाइज गरिएको बताएको छ।देशका नौ राज्य र तीन केन्द्र शासित प्रदेशहरूमा मतदाता सूचीको एसआईआरको दोस्रो चरण गत महिनाको 4 तारिखबाट सुरु भएको थियो।यी राज्यहरु र केन्द्र शासित प्रदेशहरुमा छत्तीसगढ़, गोवा, गुजरात, केरल, मध्य प्रदेश, राजस्थान, तमिलनाडु, उत्तर प्रदेश, पश्चिम बंगाल, पुद्दुचेरी, लक्षदीप, अंडमान एवं निकोबार द्वीप समूह सामेल छन्।आगामी वर्ष सात फरवरीमा अन्तिम मतदाता सूची प्रकाशित गरिनेछ र यसका साथै यस चरणको मतदाता सूचीको पुनरीक्षण कार्य सम्पन्न हुनेछ।

**एसआइआर**

राज्यमा जारी मतदाता सुचीको विशेष गहन पुनरीक्षण यानी एसआइआर लिएर विपक्षी दलका नेता शुभेन्दु अधिकारीले ठूलो आरोप लगाउनु भएको छ । आज उहाँले नोभेम्बर २६, २७ र २८ मा तीन दिनमा १ करोड २५ लाख नाम प्रविष्ट भएको र यसको तत्काल अडिट गर्नुपर्ने दाबी गर्नुभयो । यति ठूलो संख्याले आफैमा शंका उत्पन्न भएको भन्दै निर्वाचन आयोगले यसको विस्तृत छानबिन गर्नुपर्ने उहाँको भनाइ छ । यसैबीच शुभेन्दुको नेतृत्वमा भाजपा विधायकहरूको एक प्रतिनिधिमण्डल दिउँसो राज्य मुख्य निर्वाचन अधिकारीको कार्यालय पुग्यो र लिखित शिकायत पेश गर्यो। शिकायतमा आधुनिक प्रविधि प्रयोग गरेर एसआईआर फारमको लेखापरीक्षण गर्न माग गरिएको थियो । शुभेन्दुले यो अडिट आयोगद्वारा खटाएका केन्द्रीय पर्यवेक्षकहरूको टोलीले गर्नुपर्ने माग समेत गरेका छन। उहाँले धेरै जिल्लामा भू-राजस्व अधिकारियलाई ईआरओ अर्थात् निर्वाचन निबंधक अधिकारी बनाइएको आरोप लगाएका छन् भने आयोगको नियमले सबडिभिजनल अफिसर वा निजको सरहरहको अफिसरलाई जिम्मेवारी दिनुपर्ने स्पष्ट उल्लेख गरेको छ ।

## SIR कालेबुंग

कालेबुंग जिल्लाको प्रत्येक खण्डमा मतदाता सूची विशेष गहन पुनरीक्षण SIR कार्यहरू चली रहेका छन्। ताजा जानकारी अनुसार कई बूथहरूमा बीएलओहरूले 100% इन्युमरेसन फारम वितरित गरि सकेका छन भने केहि बुथ लेबल अधिकारीले इन्युमरेसन फारम निर्धारित पोर्टलमा 90% सम्म अपलोड गरि सकेका छन्। बिएलओ, इआरओ, र खण्ड अधिकारीहरूले नागरिकहरूको सहयोगमा यो कार्य सूचारू ढंगमा गरि रहेकोमा जिल्ला शासक तथा जिल्ला निर्वाचन अधिकारी कुहुक भूषणले प्रशन्नता व्यक्त गर्नु भएकोछ। सौ प्रतिशत काम पूरा गर्ने बिएलओहरूलाई सम्मानीत पनि गरिएको छ। SIR को काम बारे सन्तोष व्यक्त गर्दै कालेबुंग की एक महिला मतदाताले यसो भन्छिन्.....

## प्रधानमंत्री-उत्क्रष्टता पुरस्कार

केन्द्र सरकारले लोक प्रशासनमा उत्कृष्टताको लागि प्रधानमन्त्री पुरस्कार, 2025 योजनालाई मंज़ूरी दिईएको छ। कार्मिक, लोक शिकायत तथा पेन्सन मन्त्रालयले भनेको छ यी पुरस्कारहरूको उद्देश्य देशभरका लोक सेवकहरुको योगदानलाई मान्यता दिनु हो।मन्त्रालयका अनुसार प्रधानमन्त्री पुरस्कारहरुमा एक ट्रफी, प्रशस्ति पत्र र बीस लाख रुपियाँको प्रोत्साहन राशी रहनेछ।प्रोत्साहन राशी कुनै पनि क्षेत्रमा लोक कल्याणकारी कार्यका लागि परियोजनाहरू कार्यान्वयन गर्न वा स्रोतको अभाव पूरा गर्न प्रयोग गरिनेछ।मन्त्रालयले बताएअनुसार यी पुरस्कारहरूका लागि दुई हजार 35 आवेदनहरू प्राप्त भएका छन्। प्रधानमन्त्रीले आगामी वर्ष 21 अप्रैलमा लोक सेवा दिवसको अवसरमा नयाँ दिल्लीमा यी पुरस्कार प्रदान गर्नुहुनेछ।

## नड्डा - एड्स दिवस

स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगतप्रकाश नड्डाले आज विश्व एड्स दिवसको अवसरमा एचआईभी र एड्सबारे अझ राम्ररी बुझ्न आवश्यक रहेको बताउनुभएको छ । सोशल मीडिया पोस्टमा, उहाँले यसको फैलावटलाई रोक्न यसको उपायहरू र शीघ्र परीक्षणको महत्त्वमा जोड दिनुभयो। एचआईभीबाट सङ्क्रमित र प्रभावितहरूप्रति एकजुटता देखाउने र यसको फैलावटसँग सम्बन्धित गलत धारणा र भ्रम हटाउने अवसर यस दिनले प्रदान गर्ने उहाँको भनाइ छ । श्री नड्डाले एचआईभीको बारेमा जागरूकता बढाउनु र एड्ससँग सम्बन्धित कलंक र भेदभावको सामना गर्नु समाजको सामूहिक जिम्मेवारी भएको बताउनुभयो। उहाँले स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्न र सबैका लागि स्वस्थ र समावेशी भविष्य निर्माण गर्नुपर्नेमा जोड दिनुभयो ।

## एचआईवी एड्स

मालदह जिल्लामा एचआईभी र एड्सबाट पीडित हुनेको संख्या चिन्ताजनक रूपमा बढिरहेको छ। सरकारी तथ्यांकअनुसार जिल्लामा हाल ३ हजार १ सय संक्रमित छन् । यसमा १५ वर्षभन्दा कम उमेरका ३०० नाबालिग पनि छन् । जिल्लाका प्रमुख स्वास्थ्य अधिकृत डा. सुदिप्ता भादुरीले घटनाप्रति गम्भीर चिन्ता व्यक्त गर्नुभएको छ । स्वास्थ्य विभागका अनुसार मालदहका धेरै गाउँमा कालो ज्वरोका कारण धेरै मानिसको मृत्यु भएको छ । तीमध्ये ठूलो संख्यामा एचआईभी पोजेटिभ देखिएको छ । यति मात्र होइन, क्षयरोगका धेरै बिरामीमा पनि एचआईभी संक्रमण पुष्टि भएको छ । जिल्लामा क्षयरोगबाट हुने मृत्यु अझै जारी

छ, जसले विभागको चिन्ता बढाएको छ। सोमबार जिल्ला स्वास्थ्य विभागले एचआईभी रोकथामका लागि विशेष कदम चालिएको जनाएको छ । यसका लागि चिकित्सकहरुको विशेष टिम गठन गरिएको छ । एचआईभी संक्रमण भएको पहिचान भएमा गर्भवती महिलालाई विशेष हेरचाह तथा अनुगमन गरिनेछ । बालबालिकाका लागि छुट्टै उपचार योजना पनि तयार गरिएको छ ताकि संक्रमण थप फैलिन नसकोस् ।

**Calcutta High Court**

कलकत्ता उच्च अदालतले बङ्गलादेशको सीमामा तारबार लगाउनका लागि आवश्यक जमिन उपलब्ध नगराएकोमा पश्चिम बङ्गाल सरकारको कडा आलोचना गरेको छ। अदालतले राज्य प्रशासनको व्यवहारमाथि कडा टिप्पणी गर्दै यसलाई राष्ट्रिय सुरक्षासँग जोडिएको गम्भीर विषय भनेको छ । अदालतका अनुसार पश्चिम बंगालको कुल २,२१६ किलोमिटर लामो सीमामध्ये करिब ६०० किलोमिटर अझै खुला छ, जसले घुसपैठ र तस्करी जस्ता गतिविधिलाई बढावा दिने सम्भावना छ। उच्च अदालतले सीमामा सुरक्षा पूर्वाधार समयमै निर्माण गर्नु केन्द्र र राज्य दुवैको साझा दायित्व भए पनि भूमि अधिग्रहणमा हुने ढिलाइले राष्ट्रिय हितलाई असर पारिरहेको पनि स्पष्ट पारेको छ । राज्य सरकारलाई यस विषयमा अर्को सुनुवाइमा विस्तृत रिपोर्ट पेश गर्न निर्देशन दिइएको छ।

**पुलिस भर्ती**

राज्यमा पुलिस भर्ती प्रक्रियालाई लिएर राज्यमा फेरि एक पटक राजनीतिक हलचल तीव्र भएको छ । विपक्षी दलका नेता शुभेन्दु अधिकारीले मुख्यमन्त्री ममता बनर्जीको प्रशासनमाथि गम्भीर आरोप लगाउँदै , "राज्यमा भर्तीमा अनियमितता आज प्रमाणित सत्य भएको बताउनु भयो। ” पश्चिम बंगाल पुलिस भर्ती बोर्डले सञ्चालन गरेको कन्स्टेबल परीक्षामा व्यापक अनियमितता भएको अधिकारीले दाबी गर्नुभएको छ । उनका अनुसार आउसग्रामदेखि बासिरहाटसम्म प्रश्नपत्र बिक्री गर्ने घटना भएका छन् । नागरिक स्वयंसेवक नियुक्तिमा अनियमितता भएको समाचार पनि विभिन्न सञ्चारमाध्यममा प्रकाशित भएका छन् । हिजो भएको पुलिस भर्ना परीक्षामा ओएमआर सिट र त्यसको कार्बन कपी दुवैमा सिरियल नभएको उहाँको आरोप छ ।

**(डिएचआर)**

दार्जिलिङ हिमालयन रेलवे (डिएचआर) ले 2025 को डिएचआर विन्टर फेस्टिभलअन्तर्गत घुम रेलवे स्टेशनमा आयोजित पहिलो ‘स्पिरिट अफ द हिल्स अवार्ड्स’ समारोहमा उत्कृष्ट व्यक्तिहरू, विद्यार्थीहरू, संस्थाहरू तथा सामुदायिक नेताहरूलाई सम्मान गरेको छ। अवार्डहरूले शिक्षा, वातावरण संरक्षण, सामाजिक सेवा, सम्पदा संरक्षण, पर्यटन र सांस्कृतिक पहिचानजस्ता क्षेत्रमा दिइएको योगदानलाई मान्यता प्रदान गरेको बताइएको छ। प्रमुख सम्मानहरूमध्ये, द टाइम्स अफ इन्डियाका रोशन गुप्तले पहाडको आवाज र सांस्कृतिक पहिचान जोगाइराख्न दिएको योगदानको लागी हिल बर्ड अवार्ड प्राप्त गरे। यस्तै मेरो दार्जिलिङले पहाडमा ‘चिम्टा’ प्रयोग गरेर गर्दै आएको युवामुखी प्लगिङ अभियानका लागि भेलियन्ट अवार्ड प्राप्त गऱ्यो।

**बाइट**

**रोहिणी**

खरसाङको रोहिणी रोड बन्द भएकोले रोहिणी क्षेत्रको होटल व्यवसाय लगायत अन्य विभिन्न व्यवसायहरु ठप्प भएको विषयमा आज रोहिणी क्षेत्रका व्यवसायीहरु, समाजका प्रतिनिधिहरुले खरसाङका महकुमा शासकलाई ज्ञापन पत्र बुझाएका छन्। **(आज रोहिणी व्यवसाय समितिको तर्फबाट सभापति पुनम तामाङ, उप सभापति महेश दियाली, सचिव नगेन लकान्द्री, सह सचिव विशाल शंकर, कोषाध्यक्ष विकास दियाली, सदस्य केवल विश्वकर्मा र सचिन खाती लगायतको नेतृत्वमा खरसाङ महकुमा शासकलाई ज्ञापन पत्र बुझाएका छन्। उक्त ज्ञापन पत्रमा रोहिणी मुख्य सडकको तत्काल पुन:स्थापना तथा गौरी शंकर मार्गमार्फत् अस्थायी सवारी साधन व्यवस्था सम्बन्धी उल्लेख गरिएको छ। उक्त विषयमा दिइएको ज्ञापन पत्र खरसाङ महकुमा शासक लगायत खरसाङ पुलिस थानाको आईसीलाई पनि कपि बुझाइएको रोहिणी व्यवसाय समितिको तर्फबाट सचिन खातीले बताएका छन्। उनले रोहिणी रोड पैह्रोले वाधित बनेपछि हालमा रोहिणी रोडमा चलिरहेको एक सय जति होटेलहरु ठप्प भएको साथै त्यहाँ कार्यरत् 500 जना जति कर्मचारीहरु**

**बेरोजगार बनेको र तत्काल रोहिणी रोड नखोलिए लथालिङ्गै हुने बताएका छन्। उनले रोहिणी रोड पैह्रोले वाधित बनेपछि बनाउन ढिलाई भईरहेको र मरमत्ति गर्न ढिलाई भए पनि हालको लागि खरसाङको गौरी शंकर चियाबारीबाट र गिध्द पहाड भएर रोहिणी निस्कने रोड खोलेर गाडीहरु अस्थायी रुपमा जान दिन सकिने भनी अनुरोध गरेका छन्। यसको साथै सचिन खातीले अबको 5-6 दिनमा पनि अस्थायी रुपमा रोहिणी रोड नखोलिए रोहिणीदेखि विराट विरोध प्रदर्शन शुरु गरिने चेतावनी समेत दिएका छन्।)**

**अमरूद 2.0**

खरसाङ नगरपालिका अन्तर्गत वार्ड नम्बर 8 मा अमरूद 2.0 परियोजना विषय लिएर सभा सम्पन्न गरियो। सुभाष राईको अध्यक्षतामा सम्पन्न सभामा जीटीए मुख्य कार्यपाल अनित थापाको परामर्श र दिशा निर्देश अनुसार प्रत्येक वार्डमा अमरूद 2.0 को पिउने पानीको परियोजनालाई नियमबध्द रूपमा परिचालन गर्न "पानी निर्माण समिति" गठन गर्न सभा सम्पन्न गरियो। सभालाई बिरबल पाख्रीन, सभासद श्याम शेर्पा, खरसाङ नगरपालिकाको चेयरम्यान ब्रिगेन गुरुङ, भाइस चेयरम्यान सुभाष प्रधान, समिरदिप ब्लोन, सन्दिप बल अनि सामाजिक संस्थाहरूबाट अरबिन्द स्मृति सामाजिक संस्था, नव सूर्योदय संघ, नारी संगठन, गुरूकूल समाज अनि विश्वकर्मा समाजका प्रतिनीहरूले आ आफ्नो सर सल्लाह अनि सुझाव साथै वक्तव्य राखेका थिए। सभामा सर्वसम्मतिद्वारा वार्ड नम्बर 8 को सबै समाजहरू मिलेर पानी निर्माण समिति गठन गरिने उपस्थित सर्वसम्मतिद्वारा प्रस्ताव पारित गरिएको छ।

**धजे होप**

लामो समयदेखि जिर्ण अवस्थामा रहेको नागरी धजे समष्टिको धजे होप गाउँ–प्रभात ग्रामदेखि होप खेल मैदानसम्मको मुख्य सडकको आजदेखी मर्मत–सम्भार कार्य सुरु गरिएको छ। स्थानीय तहबाट पटक–पटक उठाइएको दीर्घकालीन मागलाई सम्बोधन गर्दै आजदेखि उक्त सडकको मर्मत कार्य सुरु गरिएको बताइएको छ। गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनका प्रमुख अनित थापा तथा क्षेत्रीय सभासद अञ्जुल चौहानको विशेष पहलमा देवन्स कन्स्ट्रक्सनमार्फत मर्मत कार्य सुरु गरिएको जनाइएको छ। मर्मत कार्य सम्पन्न भएपछि धजे क्षेत्रको यातायात सहज तथा सुरक्षित बन्ने अपेक्षा गरिएको छ।

**बिजनबारी**

बिजनबारीदेखि लोधोमासम्म पुग्ने सडक निर्माणको थालनी बिजनबारीबाट शुरु भइसके पनि लोधोमा क्षेत्रबाट पनि कार्य थालनी गर्न पर्ने माग उठेको छ। यसबारे जानकारी गराउदै गोर्खा जनमुक्ति मोर्चाका नेता नरेन्द्र काम्बाङले जनमानसको पक्षमा सांसद राजु बिष्ट, जिटिएका मुख्य कार्यपाल अनित थापा तथा क्षेत्रीय जनप्रतिनिधिहरुलाई उक्त अपिल बिसाएका छन।